"Partnership for Urban Governance" DAO Regd. No. 2/054/55 NDA-2018

नेपाल नगरपालिका संघ
Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

Ref. ०७८/७९- १०२

मिति : २०७८/०८/०७

श्रीमान् नगर प्रमुखज्यू,
बीरगंज महानगरपालिका ।
कलैया, जीतपुरसिमरा, जनकपुरधाम, तुलसीपुर उपमहानगरपालिका ।
राजदेवी, लालबन्दी, बर्दीबास, जलेश्वर, मठीहानी, मिथिला, क्षिरेश्वरनाथ, धनगढीमाइ, कन्चनरुप, शिवराज, बाणगंगा, रोल्पा, खडाँचक्र, रासकोट, छाँयानाथ रारा, पुर्चौडी, दशरथचन्द, बडीमालिका, त्रिवेणी, कमलबजार नगरपालिका ।

**विषयः खानेपानी तथा सरसफाई (WASH) सुदृढिकरण कार्यक्रम सञ्चालन सम्बन्धमा**

उपरोक्त सन्दर्भमा नेपाल नगरपालिका संघले नगरपालिका/स्थानीय सरकारको सवलिकरण गर्न, एकल अधिकार तथा संयुक्त अधिकार सुनिश्चताको लागि पैरवी, वकालत, सहजीकरण, समन्वय र सहकार्य गर्दै आइरहेको व्यहोरा बितीदै छ। संघले संघीय तथा प्रदेश सरकारसँग नीतिगत तथा कार्यक्रमगत वहश/पैरवी गर्ने, स्थानीय सरकारको क्षमता अभिबृद्धिको लागि नमुना कानुनहरु बनाई सहजिकरण गर्ने, विभिन्न तालिम, गोष्ठि तथा आपसी सिकाई अभ्यास आदान प्रदान गर्ने तथा अध्ययन अनुसन्धान जस्ता गतिविधि गरिरहेको छ ।

यसै सन्दर्वमा हाल संघले UNICEF Nepal को सहयोगमा स्थानीय सरकारको योजान प्रकृया र व्यवस्थापनमा खानेपानी तथा सरसफाई (WASH) क्षेत्रलाई मुलप्रवाहीकरण गर्न सहजिकरण गर्ने उद्देश्यले त्यस नगरपालिका लगायत देशभरीमा १६ वटा जिल्लाहरुबाट २५ वटा नगरपालिकाहरुमा खानेपानी तथा सरसफाई (WASH) कोलागि शाासन सुदृढिकरण (Improvement of WASH Sector Governance in Municipalities in Nepal) कार्यक्रम सञ्चालन गर्न लागिएको व्यहोरा अवगत गराउँदछौं ।

यस कार्यक्रमको सहजिकरणको लागि संघको केन्द्रिय कार्यालयमा WASH Program Manager र प्रदेशमा पर्ने २५ वटा नगरपालिकाहरुको लागि सहजिकरण गर्न ३ जना WASH field Officer को व्यवस्थापन गरिएको छ। पहिलो चरणमा छनौट भएका नगरपालिकाहरुमा गरिएको असल अभ्यासको सिकाईबाट अन्य नगरपालिकाहरुमा समेत क्रमशः कार्यक्रम विस्तार गर्न संघको केन्द्रिय कार्यालयमा WASH Section (खानेपानी, सरसफाई शाखा) रहने गरी कार्यथालनी गर्न लागिएकोले स्थानीय सरकारमा WASH Sector Governance लाई मुलप्रवाहीकरण गर्न संघले सहजिकरण गर्न शुरु गरेको यस प्रयासले त्यस नगरपालिका र प्रदेश तथा नेपाल सरकारले यस क्षेत्रमा राखेका दिगो विकास लक्ष्य नं. ६लाई प्राप्त गर्न सहयोग पुग्ने अपेक्षा गरेका छौं ।

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

नगरपालिकामा WASH Governance लाई मुलप्रवाहीकरण गर्न संघबाट हुने सहयोग र सहजिकरणका प्रयासलाई अधिकतम प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्दछौं । साथै यस कार्यक्रम अन्तर्गत संघबाट खटिई आउने जनशक्तिलाई WASH Section सँग समन्वय गरी कार्यसम्पादन गर्न तहाँ नगरपालिकाबाट आवश्यक समन्वय, सहकार्य र नेतृत्वदायी भुमिकाको लागि हार्दिक अनुरोध गर्दछौं ।

नोट : यस कार्यक्रको फोकल व्यक्ति श्री उमाशंकर यादव , WASH Program Manager, सम्पर्क नं. ९८५५०४५३१३

.........................
कलानिधि देवकोटा
कार्यकारी निर्देशक

बोधार्थ

१. श्री शेष वकिल ज्यू, संयोजक, प्रदेश कार्यसमिति, नेपाल नगरपालिका संघ , प्रदेश नं. २
२. श्री शिवराज सुवेदी ज्यू, संयोजक, प्रदेश कार्यसमिति, नेपाल नगरपालिका संघ, लुम्बिनी प्रदेश
३. श्री रत्न कुमार खडका ज्यू,संयोजक, प्रदेश कार्यसमिति, नेपाल नगरपालिका संघ, कर्णाली प्रदेश
४. श्री केशव बहादुर चन्द ज्यू,संयोजक, प्रदेश कार्यसमिति, नेपाल नगरपालिका संघ, सुदुरपश्चिम प्रदेश

कार्याथ
१. श्री गौरीशंकर साह (मनोज), प्रदेश व्यवस्थापक, प्रदेश नं. २
२. श्री हरगोबिन्द पाण्डे , प्रदेश व्यवस्थापक, लुम्बिनी प्रदेश
३. श्री झँकर बहादुर कुँवर, प्रदेश व्यवस्थापक, सुदुरपश्चिम प्रदेश
४. श्री रमेश कुमार सुनाम, प्रदेश व्यवस्थापक, कर्णाली प्रदेश